क) दिपायल सिलगढी नगरपालिकाको आ.व.२०७१/२०७२ को स्वीकृत बजेट कार्यक्रम तथा प्रगति सम्बन्धिसमिक्षा कार्यक्रम संचालित मिति र स्थान:

यस दिपायल सिलगढी नगरपालिकाको आ.व.२०७१/२०७२ को स्वीकृत बजेट कार्यक्रम तथा प्रगति सम्बन्धि वार्षिक समिक्षा कार्यक्रम २०७२ साल भाद्र ७ गते सोमबारका दिन यस दिपायल सिलगढी नगरपालिकाको सेती सभाहलमा प्रमुख कार्यकारी अधिकृत श्री राजबहादुर शाहीको अध्यक्षतामा आयोजना भई सम्पन्न भएको छ ।

**ख) वार्षिक समिक्षा कार्यक्रममा सहभागिबाट आएका सुझाव निष्कर्ष**

१. सरसफाई क्षेत्रलाई प्राथमिकता दिदै सुरक्षित चर्पी निर्माणमा जोड दिनु पर्ने ।

२.२०६८ र २०७१ को पजीकरण तुलना गर्दा बसाई सरी आउनेको भन्दा जानेको संख्या बढी रहेकाले नगरको विकास तथा सुविधालाई सुधार गर्दै जानुपर्ने ।

३. घर वहाल कर असुलीमा जोड दिनुपर्ने ।

४.नगर क्षेत्रमा पर्याप्त कान्जी हाउसको अभाव रहेकाले सडकमा छाडा पशुलाई जंगलमा लगेर छोड्नुपर्ने ।

५.दिपायल क्षेत्रमा बंगुर पालन ब्यवसायीहरुले आधुनिक खोरको निर्माण गरेर राख्नुपर्ने ।

६.पर्यटकिय कोटेश्वर तथा दुधेश्वरका रेलिंगका पाईप चोरी भएकाले छानविन गर्नुपर्ने ।

७. नगर क्षेत्रमा कार्यरत गैससहरुको निरन्तर समन्वयात्मक बैठकको आयोजना गरिनुपर्ने ।

८.नगर क्षेत्रका वडाहरुमा संचालित कार्यक्रमहरु एकद्वार प्रणालीबाट संचालन गरिनुपर्ने ।

९.एक नगर अनेक उद्यान तथा एक बोट एक घर कार्यलाई प्रभावकारी बनाउनुपर्ने ।

१०.कृषि विकासका लागि कृर्षि क्रान्ति जागरण कार्यक्रमलाई सबै वडामा लागु गर्नुपर्ने ।

११.वालवालिकाहरुलाई मध्यनजर गर्दै टोलमा वाल विकास केन्द्र संचालनमा जोड दिनुपर्ने ।

१२.शिक्षा क्षेत्रमा स्थानीय पाठ्यक्रममा योग शिक्षालाई प्राथमिकता दिनुपर्ने ।

१३.नगरका प्रत्येक कार्यक्रममा समुदायले निस्वार्थ भावनाले सहभागिता जनाउदै लाग्नुपर्ने ।

१४.शिक्षक विद्यार्थीको नियमिततामा जोड दिदै शिक्षक विद्यार्थीको न्यून प्रयोग गर्नुपर्ने ।

१५.नगर क्षेत्रका विभिन्न आयोजनाहरुको समुदायले निस्वार्थ भावनाले अपनत्वको महसुस गरी मर्मत सम्भार तथा रेखदेख गर्नुपर्ने ।

१६.दिपायल सिलगढी नगर सुदूरपश्चिमको प्रशासनिक द्वार, प्रशासनिक स्थायित्व पर्यटन र कृषि विकासको मुल आधार एवं नारा दिपायल सिलगढी नगर, स्वच्छ, समुन्नत र शिक्षित बनाउने हामी सबैको रहरलाई साकार पार्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुपर्ने ।

**ग) समीक्षा कार्यक्रममा उपस्थितीको बिवरण**

- जम्मा सहभागि: ८२ जना
- महिला सहभागि: २५ जना
- जनजाती सहभागि: ८ जना र दलित सहभागि १२ जना

सामुदायक विकास अधि